**July 30th, 2025 Wednesday**

**प्रमुख समाचार:**

1. राज्यसभामा अपरेशन सिन्दूरको बारेमा पुनः छलफल
2. प्रधानमन्त्री किसान सम्मान निधिको २० औं किस्ता अगस्ट २ मा जारी गरिन े
3. वन्दे भारत रेल सेवा तीन वर्षमा सबै राज्यहरूमा विस्तार गरिएको केन्द्रीय मन्त्री अश्विनी वैष्णवको भनाइ
4. अनि इसरो-नासाको सहयोगी उपग्रह NISAR आज साँझ श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट सफलतापूर्वक प्रक्षेपण

**अब समाचार विस्तारमा**

१. RS – Operation Sindoor

पहलगाम आतंकवादी हमलाको प्रतिक्रियामा देशको बलियो, सफल र निर्णायक अपरेशन सिन्दूरमाथि आज राज्यसभाले छलफल पुनः सुरु गऱ्यो। छलफलमा भाग लिँदै विदेशमन्त्री डा. एस जयशंकरले अपरेशन सिन्दूर रोक्न मध्यस्थताको दाबीलाई अस्वीकार गर्दै भन्नुभयो, अप्रिल २२ देखि ज ून १६ सम्म प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच कुनै फोन वार्ता भएको छैन। उहाँले भन्नुभयो, कुनै पनि विश्व नेताले भारतलाई यो अपरेशन रोक्न आग्रह गर ेका थिएनन्।

छलफलमा भाग लिँदै राज्यसभाका नेता जे.पी. नड्डाले पहलगाम आतंकवादी हमलाको निन्दा गर्नुभयो । श्री नड्डाले एनडीए सरकारले आतंकवादलाई कडाइका साथ व्यवहार गरिरहेको बताउनुभयो ।

द्रमुक पार्टीका एन.आर. इलांगोले आतंकवादलाई कुनै पनि हालतमा सहन नगरिने बताउनुभयो । तृणमूल कांग्रेसकी डोला सेनले गुप्तचर विफलताको मुद्दा उठाउनुभयो र बैसरन उपत्यका पूर्ण रूपमा सुरक्षित नभएको बताउनुभयो । राष्ट्रिय जनता दलका मनोज झाले राष्ट्रिय सुरक्षा नाराबाजी होइन तर नैतिक कर्तव्य र जिम्मेवारी हो भन्नुभयो। कांग्रेसका अखिलेश प्रसाद सिंहले अपरेशन सिन्दूरको क्रममा भारतीय कूटनीति नराम्ररी असफल भएको आरोप लगाउनुभयो। बिजू जनता दलका निरंजन बिशीले भारत लोकतन्त्रको जननी हो तर पाकिस्तान आतंककारीहरूको जननी हो भन्नुभयो।

२. LS-URL Block

सरकारले भनेको छ, अपरेशन सिन्दूरको क्रममा झूटा र सम्भावित हानिकारक जानकारी फैलाएकोमा डिजिटल मिडियाका १,४०० भन्दा बढी URL वा वेब ठेगानाहरू ब्लक गरिएको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज लोकसभामा यो जानकारी दिनुभयो। सरकारले नक्कली र भ्रामक जानकारीको प्रसारलाई नियन्त्रण गर्न सबै सम्भावित कदम चालेको उहाँले बताउनुभयो।

३. LS – Manipur

मणिपुरमा अगस्ट १३, २०२५ देखि राष्ट्रपति शासनको म्याद छ महिना बढाउने वैधानिक प्रस्तावमा लोकसभाले छलफल सुरु गऱ्यो। गृह राज्यमन्त्री नित्यानन्द रायले मणिपुरमा राष्ट्रपति शासन बढाउन सदनको स्वीकृति माग गर्दै प्रस्ताव पेश गर्नुभयो।

४. LS-FM Stations

सरकारले हाल देशमा आकाशवाणीका ५८५ एफएम स्टेशनहरू र ३८८ निजी एफएम रेडियो स्टेशनहरू सञ्चालनमा रहेको जानकारी दिएको छ। सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले लोकसभामा एक प्रश्नको लिखित जवाफमा यो जानकारी दिनुभएको हो। ५. PM – Buddha Relics

प्रधानमन्त्री नरेन्द्र मोदीले आज १२७ वर्षको लामो अन्तरालपछि भगवान गौतम बुद्धका पवित्र पिप्रह्वा अवशेषहरू भारत फिर्ता भएकोमा स्वागत गर्नुभएको छ। यसलाई देशको समृद्ध सांस्कृतिक सम्पदाको लागि गर्व र आनन्दको क्षणको रूपमा वर्णन गर्दै श्री मोदीले भन्नुभयो, पिप्रह्वा अवशेषहरू १८९८ मा पत्ता लगाइएको थियो तर औपनिवेशिक कालमा भारतबाट लगिएको थियो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

५. Prez – West Bengal

राष्ट्रपति द्रौपदी मुर्मुले आज पश्चिम बंगालको नादिया जिल्लामा रहेको कल्याणीस्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) को दीक्षान्त समारोहमा भाग लिनुभयो। यस अवसरमा आयुष र स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री प्रतापराव जाधव पनि उपस्थित हुनुभयो। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शनमा सरकारले देशमा विश्वस्तरीय चिकित्सा सुविधाहरूतर्फ काम गरिरहेको बताउनुभयो। यसको उद्देश्य भारतभर किफायती चिकित्सा सेवाहरू प्रदान गर्नु हो।

६. Shivraj – PM Kisan 20th Installment

प्रधानमन्त्री किसान सम्मान निधिको २० औं किस्ता अगस्ट २ मा जारी गरिनेछ। यस सम्बन्धमा आज नयाँ दिल्लीमा कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानको अध्यक्षतामा उच्चस्तरीय बैठक बसेको थियो। यसमा कार्यक्रमको तयारीको समीक्षा गरियो र यसको लाभ अधिकतम किसानहरूसम्म पुग्ने कुरा सुनिश्चित गरियो। यो कार्यक्रमको नेतृत्व प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको वाराणसीमा गर्नु हुनेछ।

७. Aswini Vaisnav –Bande Bharat

रेलमन्त्री अश्विनी वैष्णवले भन्नुभएको छ, केवल तीन वर्षमा, सबै राज्यहरूमा वन्दे भारत रेल सेवा उपलब्ध छ। आज लोकसभामा एक प्रश्नको जवाफ दिँदै श्री वैष्णवले यो रेलको सञ्चालन प्रतिक्रिया धेरै उत्साहजनक रहेको र धेरै राज्यहरूबाट यस्ता रेलहरूको माग आइरहेको बताउनुभयो।

८. Sindhiya – Sanchar Sathi Pahal

सञ्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले सञ्चार साथी पहलको सहयोगमा एक करोडभन्दा बढी नक्कली मोबाइल जडानहरू निष्क्रिय पारिएको बताउनुभएको छ। लोकसभामा एक पूरक प्रश्नको जवाफमा श्री सिन्धियाले यस पोर्टलमा ३५ लाखभन्दा बढी मानिसहरूले मोबाइल चोरीको गुनासो दर्ता गरेको बताउनुभएको छ।

९. J & K – Amarnath Yatra

बिहानदेखि निरन्तर भारी वर्षा भइरहेकाले पहलगाम र बालताल आधार शिविरबाट चलिरहेको श्री अमरनाथ यात्रा आजका लागि स्थगित गरिएको छ। खराब मौसमका कारण तीर्थयात्रीहरूलाई कुनै पनि आधार शिविरभन्दा बाहिर जान अनुमति दिइएको छैन। तीर्थयात्रीहरूलाई समय समयमा स्थितिको बारेमा जानकारी गराइनेछ। श्री अमरनाथ यात्राको क्रममा हालसम्म तीन लाख ९३ हजारभन्दा बढी तीर्थयात्रीहरूले पवित्र गुफाको दर्शन गरिसकेका छन्।

१०. ISRO – NASA

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन - ISRO ले आज अन्तरिक्षमा राडार उपग्रह - NISAR सफलतापूर्वक प्रक्षेपण गऱ्यो। यो ISRO र अमेरिकी अन्तरिक्ष एजेन्सी - NASA को संयुक्त अभियान हो। यसमा NASA को L-ब्यान्ड र ISRO को S-ब्यान्ड राडार जडान गरिएको छ।

११. Russia - Earthquake

आज बिहान रूसको कामचट्का प्रायद्वीपमा आएको ठूलो भूकम्पपछि रूस, जापान र अमेरिकाको हवाईका केही भागहरूमा सुनामीका छालहरू उठेका छन्, दर्जनौं अन्य देशहरूको लागि चेतावनी जारी गरिएको छ। ८.८ म्याग्निच्युडको शक्तिशाली भूकम्पपश्चात् प्रशान्त महासागरभरि व्यापक सुनामी चेतावनी जारी गरिएको छ र धेरै देशहरूमा मानिसहरूलाई सुरक्षित स्थानहरूमा जान सतर्क गराएको छ।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. राज्यसभामा अपरेशन सिन्दूरको बारेमा पुनः छलफल
2. प्रधानमन्त्री किसान सम्मान निधिको २० औं किस्ता अगस्ट २ मा जारी गरिने
3. वन्दे भारत रेल सेवा तीन वर्षमा सबै राज्यहरूमा विस्तार गरिएको केन्द्रीय मन्त्री अश्विनी वैष्णवको भनाइ
4. अनि इसरो-नासाको सहयोगी उपग्रह NISAR आज साँझ श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट सफलतापूर्वक प्रक्षेपण